# प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive) कार्यक्रम संचालन कार्यविधि-२०७३

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive) कार्यक्रम संचालन कार्यविधि-२०७३

## खण्ड १. पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ३ वटा सम्भागहरु ब्लक, जोन र सुपरजोनमा कृषि उपज उत्पादनमा संलग्न कृषकहरुलाई थप उत्पादन बृद्धिमा प्रोत्साहित गर्न परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल सरकारले यस **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive) कार्यक्रम संचालन कार्यविधि-२०७३** तयार गरी लागु गरेको छ ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive) कार्यक्रम संचालन कार्यविधि -२०७३** रहेको छ ।

२.२ यो कार्यविधी स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हे. मा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको र तोकिएको बालीमा न्यूनतम ५०० हे. मा संचालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ ।

(घ) "ब्लक" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १०० हे. मा संचालन भएको व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "प्रतिफल" भन्नाले ब्लक/जोन/सुपरजोनमा संलग्न कृषकहरुद्वारा उन्नत प्रविधि अवलम्बन गरी उत्पादन गरिएको कृषि उपजतथा बहुबर्षे वालिहरुको हकमा उत्पादन शुरु नहुँदासम्म उन्नत प्रविधि अवलम्बन गरी वृद्धि गरिएको क्षेत्र विस्तार सम्झनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

**३.१ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive System) कार्यक्रम** संचालनका उद्देश्य देहायबमोजिम रहेको छ-

(क) परियोजना अन्तरगतका व्लक, जोन र सुपर-जोन सम्भागहरुमा कृषि उपज उत्पादनमा संलग्न कृषकहरुलाई थप उत्पादनमा प्रोत्साहन गर्दै कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु।

## खण्ड ४. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान विधि

४.१ सम्वन्धित जोन र सुपर-जोनमा माटोको उर्वरा शक्ति, उन्नत उत्पादन सामाग्रिको उपलब्धता र उत्पादन प्रविधि अवलम्बन लगायतको आधारमा परियोजना कार्यान्वियन ईकाईले तोकिएको वालिको उत्पादकत्व लक्ष्य निर्धारण गर्नेछ भने ब्लकको हकमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले लक्ष्य निर्धारण गर्नेछ । परियोजना कार्यान्वयनको प्रथम बर्ष अर्थात आ.ब. २०७३/७४ को लागि उत्पादकत्वको लक्ष्य निर्धारण गर्दा सो बालीको जिल्लाको औषत उत्पादकत्व भन्दा कम्तिमा १० प्रतिशत बढी हुनेगरी निर्धारण गर्नुपर्नेछ।आगामी आ.ब. देखि यसरी लक्ष्य निर्धारण गर्दा अघिल्लो आ.ब.को उत्पादकत्व भन्दा कम्तिमा १० प्रतिशत बढी हुनुपर्नेछ ।

४.२ प्रोत्साहन अनुदान वितरणका लागि तोकिएको लक्ष्य प्राप्त भए नभएकोको मापनका लागि सिष्टेम्याण्टिक -याण्डम स्याम्पलिङ्ग (Systematic Random Sampling) का आधारमा ब्लकमा कम्तिमा ३०, कम्तिमा जोनमा ४५ र सुपरजोनमा कम्तिमा ६० नमुना क्रप कटिङ्ग गरिनेछ।

४.३ उत्पादकत्व लक्ष्य प्राप्त भए नभएको सन्दर्भमा अन्तिम निर्णय दिन देहाय वमोजिमको ३ सदस्सीय समिति रहनेछ ।

- संचालक समितिको प्रतिनिधी - १ जना
- व्लक/जोन/सुपरजोनका प्रतिनिधि - १ जना
- सम्बन्धित कार्यक्रम निर्देशनालयको प्रतिनिधि - १ जना

४.४ तोकिएको क्षेत्रमा लगाइने वाली/वस्तुको तोकिएको लक्ष्य अनुरुपको उत्पादकत्व हाँसिल भएमा तत् तत् क्षेत्रमा कृषि उपज उत्पादनमा संलग्न कृषकहरुले सन्चालक समिति मार्फत उपलब्ध बजेटको सिमाभित्र रही तोकिएको प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्।

४.५ वहुबर्षे वालीहरुको हकमा उत्पादन शुरु नहुँदासम्म अनुदान उपलब्ध गराउँदा क्षेत्र विस्तारलाई आधार वनाईने छ । यसको लागि उन्नत प्रविधीको अवलम्बन गरेको हुनुपर्नेछ ।यसरी अनुदान वितरण गर्दा

विनियोजित वजेटको परिधिभित्र रही थप क्षेत्रफलको लागि प्रतिहेक्टर १० हजार नबढ्ने गरी अनुदान उपलब्ध गराईने छ ।

४.६ जोन र सुपरजोनको हकमा सम्बन्धित परियोजना कार्यान्वयन इकाई र ब्लकको हकमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले माथिल्ला दफाहरुमा उल्लेख भएका उत्पादकत्व र क्षेत्रफलका अलावा आवश्यकता अनुसार अन्य मापदण्डहरु समेत निर्धारण गर्न आवश्यक ठानेमा अन्य मापदण्डहरु समेत तयार गरी सो समेतलाई प्रोत्साहनको आधार वनाउन सक्नेछ ।

४.७ परियोजना कार्यान्वयनको प्रथम बर्ष अर्थात आ.ब. २०७३/७४ को हकमा सम्बन्धित जिल्लाको आ.ब. २०७२/७३ को सम्बन्धित बालिको औषत उत्पादकत्व भन्दा १० प्रतिशत बढी उत्पादकत्व हाँसिल भएको अवस्थामा प्रतिफलमा आधारित अनुदान उपलब्ध गराउनेछ ।

४.८ कतिपय वालीहरुको उत्पादन पछिल्लो आ.ब.मा हुने हुँदा त्यस्ता वालिहरुको उत्पादकत्व लक्ष्य निर्धारण अघिल्लो आ.ब.मा गरिने छ भने प्रतिफल मापन पछिल्लो आ.ब.मा गरी सोही वमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

४.९ उपलव्ध प्रोत्साहन अनुदान मध्ये सन्चालक समितिको कोषमा ३० प्रतिशत र बाँकी ७० प्रतिशत प्रोत्साहन अनुदान उत्पादनमा संलग्न कृषकहरुलाई उत्पादनको अनुपातका आधारमा वितरण गरिनेछ।

४.१० प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उपलव्ध गराउने सम्वन्धमा कुनै पनि विवाद आएमा त्यसको निराकरण ब्लकको हकमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र जोन तथा सुपरजोनको हकमा परियोजना कार्यान्वयन इकाईको निर्णयवाट हुनेछ । विवाद सुल्झिन नसकेको खण्डमा परियोजना व्यवस्थापन इकाईको निर्णयनै अन्तिम हुनेछ ।

## खण्ड ५. विविध

५.१ यस कार्यविधीमा उल्लेख भएका कुराहरु वाहेक अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।